# गोदावरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बज्रवाराही, ललितपुर

प्रथम पटक प्रकाशित मिति २०७४।४।१३

## अत्यन्त जरुरी सूचना

२०७३

१. घर नक्साका लागि साविक गा.वि.स.बाट स्वीकृत लिई घर निर्माण भएका घर नक्साको निर्माण सम्पन्न नलिएकाहरूको हकमा २०७४ कार्तिक मसान्तभित्र प्रक्रिया पूरा गरी निर्माण सम्पन्न लिन जानकारी गराइन्छ ।

२. साविक गा.वि.स.बाट घर निर्माणका लागि कुनै स्वीकृति नलिई घर निर्माण गरेकाहरूको हकमा आफ्नो घरको नक्सा प्रिन्ट, हालैको ट्रेस नक्सा, जग्गा धनी दर्ता प्रमाण-पत्र (लालपुर्जा)को प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि र मालपोत तिरेको रसिद सहित कागजात पेश गरी आफ्नो घरको मिति २०७४ साल मंसीर मशान्तभित्र अभिलेखिकरण प्रमाण-पत्र लिनहुन जानकारी गराइन्छ ।

३. सार्वजनिक जग्गामा कोही कसैको घर टहरा निर्माण भइसकेको अवस्था भएमा यो सूचना प्रकाशित भएको मितिले तीन महिनाभित्र हटाउनु होला र त्यस्तो सार्वजनिक सम्पत्ति अतिक्रमण गरी अवैध रूपमा बनेको घर टहराको जानकारी नगरपालिकामा गराइदिनसमेत सबै नगरबासीलाई अनुरोध गरिन्छ ।

४. घर नक्साको ड्रइङ, डिजाईन, नक्सा निर्माण कार्य गर्न यस नगरपालिकामा सूचीकृत भएका इन्जिनियरहरूबाट मात्र गर्नुपर्नेछ । साथै पहिले सूचीकृत भएकाहरुले समयमै नविकरण गराउन हुन जानकारी गराइन्छ ।

५. आर्थिक वर्ष २०७३/०७४ सम्म कर बुझाउन बाँकी रहेकाहरूको हकमा २०७४ भाद्र मशान्तसम्म यस नगरपालिकामा कर बुझाएमा जरिवान छुट दिइएको छ । सो समय पश्चात् तीन महिनाभित्र बुझाउन आएमा २५% जरिवाना लाग्ने र सो समय पछि बैठकको निर्णयअनुसार हुने व्यहोरा समेत जानकारी गराइन्छ । साथै कोही कसैले कर छली गरेको र छल्ने प्रयास गरेको पाइएमा कानून बमोजिम कारवाही अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

६. नगरपालिका क्षेत्रभित्र कुनै घर, टहरा, पर्खाल आदि भौतिक संरचना निर्माण गर्दा अनिवार्य रूपमा नगरपालिकाबाट स्वीकृति लिई गर्नुहुन जानकारी गराइन्छ ।

७. जग्गा सम्याउने कार्य गर्दा अनिवार्य रूपमा यस नगरपालिकाको सिफारिस र स्वीकृति लिनुपर्नेछ । यदि सिफारिस तथा स्वीकृति नलिई त्यस्तो कार्य गरेको पाइएमा आवश्यक कानूनी कारवाही अगाडि बढाइने तथा जग्गा बिक्री रोक्का समेत गरिने र त्यस्तो जग्गाको घर नक्सा पास गर्न नगरपालिका बाध्य हुने छैन ।

८. व्यापार व्यवसाय गर्ने सम्बन्धित सबैले अनिवार्य रूपमा PAN अथवा VAT मा दर्ता भई नगरपालिकाबाट अनिवार्य रूपमा व्यवसाय प्रमाण-पत्र लिएर मात्र व्यवसाय सञ्चालन गर्नुहुन जानकारी गराइन्छ । यस नगरपालिकाबाट व्यवसाय प्रमाण-पत्र लिएकाहरूको हकमा यही २०७४ भाद्र मशान्तभित्र नविकरण गर्नहुन समेत अनुरोध छ ।

९. यस नगरपालिकाबाट विभिन्न किसिमको सामान Supplyगर्न, परामर्श सेवा प्रदान गर्न, मर्मत सुधार कार्य गर्न र नक्सा डिजाइनिङ्ग आदि गर्नका लागि यस नगरपालिकामा सूचिकृत भएकाहरुसँग मात्र कार्य गरिने भएकोले त्यस्ता प्रकृतिका कार्य गर्न इच्छुक संघ, संस्था, कम्पनी, फर्म आदि सबैलाई समयमै यस नगरपालिकामा सूचिकृत गर्नुहुन जानकारी गराइन्छ ।

१०. यस कार्यालयमा कुनै पनि उजुरी दर्ता गर्न आउँदा सो उजुरीसाथ सम्बन्धित कागजात सहित पेश गर्नुपर्ने छ ।

११. थप जानकारीका लागि यस नगरपालिकाको फोन नं. ०१-५५७२५९२ र Website:www.godawarimun.gov.np मा समेत Log inगरी हेर्न सकिने छ ।

कार्यकारी अधिकृत

**गोदावरी नगरपालिका**